नेपाल सरकार

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सङ्घीय मामिला शाखा

सिंहदरबार, काठमाण्डौ ।

प.सं.२०७८/७९
च.नं. १०९

मितिः २०७८/१२/०९

श्री स्थानीय तहहरु सबै ।

विषयः सूचना पठाइएको सम्बन्धमा ।

वैदेशिक रोजगार बोर्डको सचिवालयको पत्र संख्या २०७८/०७९ च.नं. ६८२ मिति २०७८/१२/०६ गतेको पत्रसाथ संलग्न **"अनलाइन प्रणाली प्रयोग गरी स्थानीय तहबाटै आर्थिक सहायताका लागि निवेदन दिन सकिने"** बारे बैदेशिक रोजगार बोर्डको सूचना आवश्यक जानकारीका लागि यसैसाथ संलग्न राखी पठाइएको व्यहोरा आदेशानुसार अनुरोध छ ।

(केशवराज पार्धे)
शाखा अधिकृत

बोधार्थः

श्री वैदेशिक रोजगार बोर्डको सचिवालय,
बबरमहल, काठमाण्डौ ।

श्री सूचना तथा प्रविधि शाखाः
संलग्न सूचना मन्त्रालयको वेव साइटमा अपलोड गरिदिनुहुन ।

फोन:४२००२८६, फ्याक्स नं. : ४२००१०८/१०९/११०, वेबसाइट : www.mofaga.gov.np

नेपाल सरकार
**श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय**
**वैदेशिक रोजगार बोर्डको सचिवालय**

# अनलाईन प्रणाली प्रयोग गरी स्थानीय तहबाटै आर्थिक सहायताका लागि निवेदन दिन सकिनेबारे वैदेशिक रोजगार बोर्डको सूचना

वैदेशिक रोजगार नियमावली, २०६४ (पाँचौ संशोधन) मा व्यवस्था भए अनुसार श्रम स्वीकृति लिई वैदेशिक रोजगारीमा गएको कामदारको करार अवधिमा वा करार अवधि समाप्त भएको एक वर्षभित्र कुनै कारणले मृत्यु, अंगभंग वा गम्भीर बिरामी भएमा घटना घटेको मितिले एक वर्षभित्र बोर्डबाट नियमानुसारको आर्थिक सहायता वा क्षतिपूर्तिका लागि स्थानीय तह मार्फत् समेत निवेदन दिन सकिने भएको छ । नियमावलीमा रहेको उक्त व्यवस्थालाई थप सरल र सहज बनाउने उद्देश्यले बोर्डको सचिवालयबाट अनलाईन सफ्टवेयर प्रणाली-Foreign Employment Welfare Information Management System (FEWIMS) को विकास गरी कार्यान्वयनमा ल्याउन लागिएको छ । यसका लागि नेपाल सरकार, श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय (मा.मन्त्रीस्तर) को मिति २०७८।११।२९ को निर्णयबाट **वैदेशिक रोजगार कल्याणकारी सूचना व्यवस्थापन प्रणाली (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०७८** समेत स्वीकृत भई कार्यान्वयनमा आइसकेको छ । उक्त कार्यविधिको दफा ४ मा उल्लेखित सबै सेवाहरु बोर्डको सचिवालयबाट अनलाइन प्रणाली मार्फत् उपलब्ध गराइने कार्यक्रम रहेको हुँदा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ । यस अनलाईन प्रणालीको User credential (User Name ,Password) प्रयोग गरी बोर्ड सचिवालयबाट प्रबाह हुने सेवाका लागि स्थानीय सेवाग्राहीहरुलाई सहजीकरण गर्न ईच्छुक सबै स्थानीय तहहरुले यही मिति २०७८ चैत्र मसान्तभित्र आधिकारिक व्यक्तिको सम्पर्क नम्बर, इमेल ठेगाना र दस्तखत नमुना उल्लेख गरि सचिवालयमा पत्राचार गर्नु हुन समेत यसै सूचना मार्फत् अनुरोध छ । अनलाईन प्रणाली एवं कार्यविधि लगायत यससँग सम्बन्धित आवश्यक सूचना तथा जानकारी यस बोर्डको सचिवालयको फोन नम्बर ५३२०३११,४३३,५६७ वा श्रम कल सेन्टर ११४१ मा फोन गरी वा ईमेल ठेगाना info@feb.gov.np बाट प्राप्त गर्न सकिने वा सचिवालयको वेवसाईट : www.feb.gov.np मा हेर्न तथा डाउनलोड गर्न सकिने व्यहोरा समेत सम्बद्ध सबैमा अनुरोध छ ।